# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

## शाखा कार्यालय

# नेपालगञ्ज औद्योगिक क्षेत्र

## नेपालगञ्ज, बाँके




# संक्षिप्त जानकारी


सम्पर्क

कार्यालयको फोन नं. ०८१-५३०१५६, ५३०३१७, मोबाइल नं. ९८५१२७३३६३ (कार्यालय प्रमुख)

Email: nepalgunj@idm.org.np, Website: www.izml.gov.np


२०८२ फाल्गुन १२ गते

## संक्षिप्त जानकारी

स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतलाई औद्योगिक उत्पादनतर्फ समाहित गर्दै औद्योगिकीकरणको माध्यमबाट क्षेत्रिय सन्तुलित आर्थिक विकास गर्ने लक्ष्यले उद्योगलाई आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरु जस्तैः जमिन, भवन, सडक, विद्युत, पानी, ढल आदि एकै स्थानमा उपलब्ध गराउन वि.सं २०१६ सालमा बालाजु औद्योगिक क्षेत्र स्थापना भए पश्चात देशका विभिन्न स्थानमा औद्योगिक क्षेत्र स्थापना गर्ने सिलसिलामा लुम्बिनि प्रदेशको व्यापारिक तथा औद्योगिक नगरी नेपालगञ्जमा मित्र राष्ट्र भारत सरकारको आर्थिक सहयोगमा वि.सं २०३० सालमा यस क्षेत्रको स्थापना भएको हो । स्थापनाको शुरु वर्ष नेपाल सरकार उद्योग विभाग तथा वि.सं २०३१ सालमा विकास समिति ऐन अन्तर्गत गठित औद्योगिक सेवा केन्द्रबाट सञ्चालन तथा व्यवस्थापन हुने गरेको यो औद्योगिक क्षेत्र वि.सं २०४५ जेष्ठ २० गते देखि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट सञ्चालन तथा व्यवस्थापन हुँदै आईरहेको छ।

नेपालगञ्ज उपमहानगरपालिका १० मा अवस्थित यस औद्योगिक क्षेत्रको पूर्व तर्फ रत्न राजमार्ग, पश्चिम तर्फ भृकुटीनगर उत्तर तर्फ कोरियनपुर र दक्षिण तर्फ भृकुटीनगर रहेको छ।उक्त चारकिल्लाभित्र अवस्थित यो औद्योगिक क्षेत्र २३३ रोपनी क्षेत्रफलमा फैलिएको छ। क्षेत्रको मूख्य विशेषता विभिन्न किसिमहरुको वस्तु तथा सेवाको उत्पादन हुने उद्योगहरूको सम्मिश्रण हो।

यस क्षेत्रको मुख्य उत्पादनहरुमा तामा, पित्तल, काँस, आल्मुनियमका चक्का पाता तथा भाँडावर्तन, प्लाईउड, स्टिल फ्याब्रिकेशन, खाद्य सामाग्री, विद्युतका तार, पिउने पानी, साबुन, सरफ, रगरोगन, ट्रान्सफरमर मर्मत तथा उत्पादन, दक्ष प्राविधिक जनशक्ती उत्पादन गर्ने शिक्षालय, फेब्रिकेटिङ्ग वर्कशप, प्लाष्टिकका बोतल, जर्किन, ड्रम तथा बट्टाहरु आदि रहेका छन्।

**तथ्याङ्कमा औद्योगिक क्षेत्र**

स्थापना मिति : वि.सं. २०३० फाल्गुन १२ गते

प्रत्यक्ष रोजगारी : करिब ११४७ महिलाः ६७६ पुरुषः ४७१

लगानी : उद्योगको तर्फबाट करिब रु. १ अर्व ७० करोड,

सरकारी क्षेत्रबाट करिब रु. २ अर्व ७२ करोड

### १. पूर्वाधारहरू:

विकसित जमिनः २३३ रोपनी, (साविकको अभिलेख बमोजिम)

लिजमा उपलब्ध गराइएको जमिनको क्षेत्रफलः १८६.०७ रोपनी

युटिलिटीले ओगटेको क्षेत्रफल(सडक,ढल, विद्युत सबस्टेशन,पानी ट्याङ्की आदिः) ४६.२७ रोपनी

नेपालगन्ज औद्योगिक क्षेत्र उद्योग विकास संघलाई उपलब्ध गराएको जमिनको क्षेत्रफल : ०.६६ रोपनी

सडक : २.३४ किलोमिटर    ढल : ३.३१ किलोमिटर

स्वीकृत विद्युत क्षमता : १९०० के.भि.ए

विद्युत वितरण प्रणाली : HT लाईन १.३४ कि.मि    LT लाईन : १.२२ कि.मि

पानी उत्पादन क्षमता : २,५०,००० लिटर (दैनिक)
पानी वितरण प्रणाली : २.१६ कि.मि पाईप लाइन
पानी टंकी संख्या : २
क्षमता : ओभरहेड टंकी क्षमता २.५० लाख लिटर, अन्डरग्राउण्ड टंकी क्षमता १ लाख लिटर।
औद्योगिक भवन : २२ वटा, गोदामः ६ वटा, अन्य(व्यवसायिक सटर) २२ वटा

## २. क्षेत्रमा रहेका उद्योगहरूको संक्षिप्त विवरणः

जम्मा स्थापित उद्योगहरु : ३५ उत्पादनमुलक उद्योग : ३४ गैह्र उत्पादनमुलकः १
सञ्चालनमा रहेका : ३२ (भेरी प्राविधिक शिक्षालय समेत)
बन्द उद्योग : ३ वटा

## ३. क्षेत्रभित्र रहेका अन्य संघ/संस्थाहरू

१ श्री भेरी प्राविधिक शिक्षालय
२ श्री नेपालगञ्ज औद्योगिक क्षेत्र उद्योग विकास संघ
३ चमेना गृह

## ४. औद्योगिक क्षेत्रमा प्राप्त हुने सेवा तथा सुविधाहरूः

- विकसित जग्गा, भवन, गोदाम र व्यवसायिक सटरहरु लिजमा उपलब्ध गराउने
- विद्युत वितरण तथा पानी वितरण सेवा उपलब्ध हुने।
- सडक तथा ढलको समुचित व्यवस्था भएको।
- सुरक्षाको प्रत्याभुति
- चमेना गृह।

## ५. सेवा सुविधामा लिइने शुल्क एवम् जरिवानाः

- जग्गा बहाल वार्षिक प्रतिरोपनी (बार्षिक ५ प्रतिशतले बृद्धी हुने) :
  क. उत्पादान मुलक उद्योग प्रतिरोपनी वार्षिक रू. २२,७९५।०१
  - गैह्र उत्पादनमुलक उद्योग प्रतिरोपनी वार्षिक ८४,४२६।०३
  - भवन बहाल प्रति वर्गफिट मासिक रू. २।५५
  - गोदाम बहाल प्रति वर्गफिट मासिक रू.१९।२४
  - व्यवसायिक सटर प्रति सटर रु १६,९३१।२८ देखि २६,३३६।१६ सम्म (व्यवसायिक भवन बहालमा दिने सम्बन्धी कार्यविधि,२०७६ (दोस्रो संसोधन,२०८१) अनुसार प्रत्येक २/२ वर्षमा १० प्रतिशतका दरले वृद्धि हुने)
  - विद्युत महशुल : औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, विद्युत विनियमावली,२०५९(दोस्रो संसोधन,२०८० सहित) बमोजिम
  - पानी महशुलः औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, पानी विनियमावली,२०८२ बमोजिम

## ६. शुल्क/छुट/विलम्ब दस्तुर

- प्रवेश शुल्कः रु.२५,००० |- प्रति रोपनी, भवनः रु.१५ |- प्रति वर्ग फुट(एक पटक मात्र)।
- व्यवसायिक सटरको हकमा व्यवसायिक भवन बहालमा दिने सम्बन्धी कार्यविधि,२०७६ अनुसार लाग्ने मासिक बहाल रकमको एक महिनाको बहाल रकम।
- नवीकरण शुल्कः पहिलो सम्झौता अवधीको समाप्ति पछि नवीकरण गर्दा प्रवेश शुल्कको ६० प्रतिशत।
- भाडामा लिएको जग्गामा कारखाना भवन वा त्यस्तै संरचना निर्माण गर्नु पर्दा तोकिएको निर्माण शुल्क प्रति वर्गफिट रु.७/- बुझाई निर्माण स्विकृती लिनु पर्नेछ।
- प्रत्येक वर्षको जग्गा बहाल श्रावण १ गते अग्रिम बील गरिनेछ। श्रावण मसान्त सम्म बुझाएमा ३ प्रतिशत छुट पाइने, असोज मसान्तसम्म बुझाएमा बिल अनुसार, तत्पश्चात वार्षिक १२ प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।
- प्रत्येक महिनाको भवन,गोदाम बहाल र व्यवसायिक सटरहरुको अग्रिम बील गरिनेछ। महिनाको सात(७) गते भित्र बहाल बुझाएमा ३ प्रतिशत छुट दिईनेछ। सोही महिना भित्र बहाल बुझाएमा बिल अनुसार र तत्पश्चात बहाल बुझाएमा बार्षिक १२ प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

## ७. विद्युत महशुलमा निम्न बमोजिम छुट र थप दस्तुर लाग्ने :

(क) मिटर रिडिङ्ग गरेको १४ दिन भित्र महशुल बुझाएमा २ प्रतिशत छुट दिइने छ।

(ख) मिटर रिडिङ्ग गरेको १५ औ दिनदेखि २२ औ दिनसम्म महसुल बुझाएमा बिल अनुसार महसुल लाग्नेछ।

(ग) मिटर रिडिङ्ग गरेको २३ औ दिनदेखि ३० औ दिनसम्म महसुल बुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्नेछ।

(घ) मिटर रिडिङ्ग गरेको ३१ औ दिनदेखि ४० औ दिनसम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्नेछ।

(ङ) मिटर रिडिङ्ग ४१ दिनदेखि २५ प्रतिशत थप दस्तुर लाग्नेछ।

(च) मिटर रिडिङ्ग गरेको ६० औ दिनसम्म पनि विद्युत महसुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा पनि उद्योग/व्यवसाय सटरहरुको विद्युत लाईन विच्छेदन गरिनेछ।

(छ) नयाँ ग्राहकलाई जडान गरेवापत निम्नानुसार जडान शुल्क लाग्नेछ
श्री फेज रू. १५००/-, सिङ्गल फेज रू. १०००/-

(ज) कुनै ग्राहकलाई लाईन काटी पुनः लाईन जडान गर्नुपरेमा निम्नानुसार शुल्क लाग्नेछ।
थ्री फेज रू. १०००/-, सिङ्गल फेज रू. ५००/-

## ८. पानी महसुल बुझाउँदा निम्न बमोजिम छुट र बिलम्ब दस्तुर लाग्नेछ ।

क. मिटर रिडिङ्ग गरेको १५ दिन भित्र महशुल बुझाएमा ४ चार प्रतिशत छुट दिइनेछ।

ख. मिटर रिडिङ्ग गरेको १६ औँ दिन देखि २२ औँ दिनसम्म महशुल बुझाएमा बिल अनुसार महशुल लाग्नेछ।

ग. मिटर रिडिङ्ग गरेको २३ औँ दिन देखि ३० औँ दिनसम्म महसुल बुझाएमा १० प्रतिशतले थप दस्तुर लाग्नेछ।

घ. मिटर रिडिङ्ग गरेको ३१ औँ दिन देखि ४० औँ दिनसम्म पानी महशुल बुझाएमा १५ प्रतिशतले थप दस्तुर लाग्नेछ।

ङ. मिटर रिडिङ्ग गरेको ४१ औँ दिन देखि २५ प्रतिशतले थप दस्तुर लाग्नेछ।

च. मिटर रिडिङ्ग गरेको ६०औ दिनसम्म पनि पानी महशुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा पनि पानीको लाईन काटिनेछ।

छ. जरिवाना अवधि सिमा नाघेपछि कुनै पनि समयमा सूचना दिई वा नदिई धाराको लाईन काट्न सकिनेछ।

ज. कनेक्सन काटी सकेपछि पुनः जडान गर्नुपर्दा बक्यौता महसुल तथा त्यसमा नियमानुसार लाग्ने थप दस्तुर र पुनः जडान शुल्क कार्यालयले असुल गरेर लाईन जडान गरिनेछ।

## ९. जग्गा तथा भवन बहालमा दिने सम्बन्धी प्रक्रिया

क. औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली २०७१( संशोधनसहित)मा भएको व्यवस्था बमोजिम कार्यालयले क्षेत्रको कुनै खाली भवन वा जग्गा भाडामा दिनका लागि प्रस्ताव अव्हानको सूचना गर्नु पूर्व औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७१ (संशोधनसहित) मा तोकिएको प्राविधिक मापदण्ड वमोजिम भाडामा दिने जग्गा तथा भवनको नाप नक्सा  प्राविधिक विषयहरु स्पष्ट किटान गरी स्वीकृति लिनु पर्ने।

ख. कार्यालयले क्षेत्रको कुनै खाली जग्गा तथा भवन भाडामा दिदा राष्ट्रिय स्तरको प्रस्तावको हकमा २१ दिन र अन्तराष्ट्रिय प्रस्तावको हकमा कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा प्रस्ताव अह्वानको राख्नु पर्ने सो सूचनामा तपशिलको व्यहोरा खुलाउनु  पर्ने व्यवस्था रहेको:

१. प्रस्तावित भवन वा जग्गाको नक्शा,

२. उपलब्ध गराउन सकिने  प्रस्तावित भवन वा जग्गाको क्षेत्रफल,

३. प्रस्तावित भवन वा जग्गा भाडामा दिने अवधि र तोकिएको भाडादर,

४. प्रस्तावित भवन वा जग्गाको लागि तोकिएको प्रवेश शुल्क नघटने गरी प्रस्ताव गरेको प्रवेश शुल्कको दरवमोजिम  हुने जम्मा प्रवेश शुल्कको २५ पच्चिस प्रतिशतले हुन आउने धरौटी रकम प्रस्ताव साथ जम्मा गर्नु पर्ने,

५. विनियम ५ बमोजिम प्राथमिकता प्राप्त उद्योगहरुको किटानी ,

६. नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका विनियम ५ बमोजिम प्राथमिकता प्राप्त उद्योगहरुको दर्ता प्रमाणपत्र , प्रबन्धपत्र तथा नियमावली, उद्योगको विगत ३ वर्षको लेखापरिक्षण प्रतिवेदन,उद्योगको आर्थिक र भौतिक योजनासहितको व्यवसायिक योजना, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको प्रमाण वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण, उद्योग सञ्चालकहरुको परिचय खुल्ने विवरण नागरिकताको प्रमाणपत्र (विदेशीको हकमा राहदानी), उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन, प्रचलित कानुन वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणिय प्रभाव मुल्याङ्कन (IEA) गर्नुपर्ने भए सोको प्रतिवेदन तर नयाँ उद्योगको हकमा कार्यालयद्वारा तोकी दिएको समयभित्र दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली र प्रचिलत कानून बमोजिम प्रारम्भिक वातवरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन  गर्नुपर्ने भए सोको प्रतिवेदन

आदि कागजातहरु पेस गर्ने शर्तमा प्रस्तावित उद्योगको नाम, उद्योग सञ्चालकहरुको परिचय खुल्ने विवरण नागरिकताको प्रमाणपत्र, विदेशीको हकमा राहदानी, तीन वर्षको प्रक्षेपित वित्तीय विवरण सहितको विस्तृत परियोजना प्रतिवेदन र सम्भाव्यता अध्ययन प्रतिवेदनका अधारमा प्रस्ताव पेस गर्नु पर्ने ।

७. समितिले तोकेको शुल्क(फिर्ता नहुने) तिरी प्रस्ताव सम्बन्धी फाराम खरिद गर्नुपर्ने, फाराम पाइने स्थान, पेस गर्ने स्थान, अन्तिम मिति र समय खोल्ने मिति, समय र स्थान सूचनामा उल्लेख भएबमोजिम ।

८. उद्योग छनौटका लागि प्रस्तावको मूल्याङ्कन गर्ने आधार र तरिका ,

९. कार्यालयको स्वीकृति लिएर स्वीकृत निर्माण मापदण्डको परिधिभित्र रहेर भवन तथा अन्य संरचना निर्माण गर्नुपर्ने,

१०. उद्योगको प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार विनियम ३४ बमोजिमको पदाधिकारीमा निहित रहने ।

११. उद्योगीले मूल्याङ्कन समिति समक्ष प्रस्तावका सम्बन्धमा प्रस्तुतिकरण गर्नु पर्ने,

१२. प्रस्तुतिकरण गर्न बोलावट गर्दा उपस्थित नभएमा उद्योगको प्रस्ताव रद्द गर्न सकिने,

१३. प्रस्ताव आव्हान गर्ने कार्यालयले प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने भनी निर्धारण गरेका अन्य विषयहरु समावेश हुन सक्ने ।

## १०. सम्झौता अवधि/नवीकरण

उद्योगलाई जग्गा तथा भवन भाडामा दिदा पहिलो पटक बढीमा ४० वर्ष अवधिका लागि दिन सकिनेछ । उद्योगलाई जग्गा वा भवन भाडामा दिएको सम्झौता बमोजिमको अवधि व्यतित भएपछि बढीमा ४० वर्षको लागि नवीकरण हुन सक्नेछ। सम्झौता बमोजिम अवधि व्यतित नहुदैपनि कारण तथा औचित्य सहित उद्योगले सम्झौता नविकरण गर्न चाहेमा तोकिएको नविकरण शुल्क लिई व्यतित हुन बाँकी अवधीसमेत जोडी बढीमा ४० बर्षको लागि नविकरण गर्न सकिनेछ।

## ११. उद्योगको नाम वा शेयरधनी परिवर्तन, साविकको उद्देश्यमा थप

क्षेत्रभित्र स्थापित /सञ्चालित उद्योगको नाम वा शेयरधनी वा सञ्चालक वा साझेदार परिर्वतन वा उद्देश्य थप गर्नु परेमा उद्योगले कार्यालयको सहमति लिनु पर्नेछ ।उत्पादनमुलक उद्योगले गैह्रउत्पादनमूलक उद्देश्य थप गर्न पाउनेछैन ।

## १२. उद्योगको सम्पति बेचबिखनसम्बन्धी व्यवस्था

उद्योगले कुनै कारण परी क्षेत्रभित्र सञ्चालित उद्योग सञ्चालन गर्न नसक्ने भएमा भाडामा लिएको जग्गामा उद्योग आफैले निर्माण गरेको भवन तथा भौतिक संरचना, मिलमेशिनरी जस्ता सम्पतिहरु कार्यालको स्वीकृती लिएर अन्य उद्योगलाई स्वामित्व हस्तान्तरण गरी बेचबिखन गर्न सक्नेछ।

तर, आवश्यकताको आधारमा क्षेत्रस्थित उद्योगले निर्माण गरेको भवन लगायत अन्य संरचनाहरु कार्यालयले मूल्याङ्कन समितिको मूल्याङ्कनको आधारमा खरिदसमेत गर्न सक्ने ।

## १३. सम्पतिहरू बेचबिखन गर्दा कार्यालय समक्षा पेस गर्नु पर्ने कागजातहरू:

क. सम्पति बेचबिखन गर्ने साविक उद्योगको तर्फवाटः-

- सम्पति बेचविखन गर्न उद्योगको सञ्चालक समिति वा साझेदारहरु वा स्वयं प्रोप्राइटरको निर्णय,
- सम्बन्धित निकायवाट हालैका मितिमा प्रमाणित गरिएको उद्योगको शेयरधनी, साझेदार, वा प्रोप्राइटरको लगत किताव,
- बैंक तथा वित्तीय संस्थालाई कर्जाका लागि कार्यालयबाट सिफारिस गरिएको भए सोको फुकुवा पत्र,
- अघिल्लो वर्षको आय विवरण पेश गरेको वा आयकर चुक्ता प्रमाणपत्र,
- उद्योगको दर्ता खारेजी गरेको भए सोको प्रमाण वा ठाँउसारी गर्ने भए उद्योग दर्ता गर्ने सम्बन्धित निकायको पत्र र कार्यालयको वहाल महशुल बक्यौता रकम चुक्ता प्रमाण।

ख. सम्पति खरिद गर्ने प्रस्तावित उद्योगको तर्फवाटः-

- क्षेत्रभित्र उद्योग स्थापना गर्न उद्योगको सञ्चालक समिति वा साझेदारहरु वा प्रोप्राइटरको निर्णयसहित सम्बन्धित निकायवाट इजाजतप्राप्त दर्ताप्रमाणपत्र, प्रबन्धकपत्र तथा नियमावली,
- शेयरधनी साझेदार वा प्रोप्राइटरको नागरिकता वा परिचय खुल्ने कागजात र सम्बन्धित निकायवाट हालै जारी भएको शेयरधनीको लगत विवरण
- उद्योगको आर्थिक तथा भौतिक योजना सहितको व्यवसायिक योजना,
- प्रस्तावित उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन र
- उद्योगको सम्भ्यता अध्ययन प्रतिवेदन, प्रचलित कानून बमाजिम प्रारम्भिक वातावरणिय परीक्षण (IEE) वातावरणिय प्रभाव मुल्याङ्कन (EIA)गर्नु पर्ने भए सोको प्रतिवेदन
- सम्पति बेचविखन सम्बन्धी दुवैपक्षको संयुक्त सम्झौता पत्र
- कार्यालयले तोकेको अन्य कागजातहरु।

## १४. उद्योगको दायित्व:

क्षेत्रभित्र स्थापित उद्योगको दायित्व देहायबमोजिम रहनेछः

१. सम्झौतामा उल्लेख भएको समयभित्र भाडा रकम दाखिला गर्ने,

२. सम्बन्धित विनियमावलीमा व्यवस्था भएबमोजिम पानी र विद्युत महसुल दाखिला गर्ने,

३. आफ्नो भवन कम्पाउण्डभित्र र परिसर वरिपरि वातावरण प्रदुषण हुन नदिन सरसफाइको उपयुक्त व्यवस्था गर्ने,

४. उद्योगबाट निस्कने फोहरमैला उपचार (Treatment) गरेर मात्र निष्काशन हुने गरी फोहरमैला निष्काशनको उपयुक्त व्यवस्था मिलाउने,

५. वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको दायित्व पुरा गर्ने,

६. सम्झौता बमोजिमका शर्त तथा दायित्व पुरा गर्ने र

७. समितिले समय समयमा दिएको निर्देशन पालना गर्ने।

८. उद्योगले क्षेत्रलाई प्रत्येक आर्थिक वर्षमा उत्पादन, रोजगारी र राजश्वको प्रारम्भिक विवरण उपलब्ध गराउनु पर्ने।

९. उद्योगले क्षेत्रभित्रको बाटो तथा सडक पेटीमा आफ्नो उत्पादन तथा कच्चा पदार्थ लगायतका कुनै पनि सामाग्री राख्न नहुने।

## १५. व्यवसायिक भवन बहालमा दिने सम्बन्धी कार्यविधि,२०७६ अनुसारको प्रावधानहरू

१. सूचनाको माध्यमबाट प्रस्ताव आह्वान गरी बहालमा लिनुपर्ने

क. कार्यालयले महाप्रबन्धकको स्वीकृति लिएर भवन वा सो भवनका कोठाहरू खुल्ला प्रतिस्पर्धाको माध्यमबाट यस कार्यविधिमा भएको व्यवस्था बमोजिम प्रस्ताव सम्बन्धी कागजात तयार गरी सार्वजनिक सूचनाको माध्यमबाट बहालमा दिनु पर्नेछ। त्यस्तो सूचनाको म्याद २१ दिनको हुनेछ।

ख. उपदफा (१) अनुसार सूचना आव्हान गर्दा कुनै प्रस्ताव नपरेमा वा प्रस्ताव छनोट हुन नसकेमा १५ दिनको म्याद दिई दोस्रोपटक सूचना प्रकाशित गर्नुपर्नेछ।

ग. उपदफा (२) अनुसार दोस्रोपटक सूचना आह्वान गर्दा समेत कुनै प्रस्ताव नपरेमा वा प्रस्ताव छनोट हुन नसकेमा सात दिनको म्याद दिइ तेस्रोपटक सूचना प्रकाशित गर्नुपर्नेछ।

घ. यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्ष भित्र तीन पटकसम्म सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव माग गर्दा पनि कुनै प्रस्ताव नपरेमा वा प्रस्ताव छनौट हुन नसकेमा दफा १३ र दफा १७ को सर्तहरुको अधिनमा रही समितिको स्वीकृतिमा वार्ताद्धारा सोझै भाडामा लगाउन सकिनेछ।

ङ. यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको मन्त्रालय/विभाग/आयोग/कार्यालय वा नेपाल सरकारको स्वामित्व,नियन्त्रण वा सेयर लगानी रहेका संगठित संघ संस्थालाई दफा १३ र १७ को अधिनमा रही समितिको स्वीकृतिमा वार्ताद्वारा सोझै भाडामा लगाउन सकिनेछ।

२. कार्यसम्पादन जमानतः

१. छनौट भएका प्रस्तावकले कबुल गरेको एक वर्षको बहाल रकम सुरक्षण जमानत बापत कार्यालयको बैंक खातामा नगद जम्मा गरेको बैंक भौचर वा वाणिज्य बैंकबाट जारी गरेको शर्तरहित जमानत दाखिला गर्नुपर्नेछ।

२. बहाल सम्झौता रद्द हुने अवस्था

क. बहाल मा लिने पक्षले सम्झौता प्रतिकूल कार्य गरेमा

ख. भवन सबलिज गरेमा

ग. कार्यालयलाई भुक्तानी गर्नुपर्ने बहाल महसुल दाखिला नगरी तीन महिनासम्म बक्यौता राखेमा

घ. मनासिव कारणसहित दुवै पक्षले आपसी सहमतिमा तीन महिनाको अग्रिम लिखित जानकारी दिई सम्झौता अन्त्य गर्न सकिनेछ।

ङ. सम्झौता रद्द भएमा बहालमा लिने पक्षले राखेको कार्य सम्पादन जमानत जफत हुनेछ।

३. भवन बहालदर तथा बहाल रकम

क. भवन बहालमा दिने प्रयोजनका लागि दफा १६ अनुसार प्राप्त प्रतिवेदनको आधारमा समितिले भवनको मासिक न्यूनतम बहालदर निर्धारण गरे बमोजिम हुनेछ।

ख. बहाल सम्झौता भएको मितिले प्रत्येक १०/१० वर्षमा पुनरावलोकन गरिनेछ।

ग. बहालमा लिने पक्षले कबुल गरेको शुरु बहालदर र त्यसपछि पुनरावलोकन पछि निर्धारण हुने नयाँ बहालदरमा प्रत्येक २/२ वर्षमा १०(दश) प्रतिशतका दरले बहाल वृद्धि हुनेछ।

घ. कार्यालयले प्रत्येक महिनाको १ गते सो महिनाको भवन बहाल बापतको बिल गर्नेछ। जुन महिनाको बहालवापतको रकम हो सोही महिनाको मसान्तभित्र बहाल रकम बुझाउनुपर्नेछ सो अवधिभित्र बहाल रकम नबुझाएमा वार्षिक १२ प्रतिशतका दरले हुन आउने रकम विलम्ब शुल्क लाग्नेछ।

## नेपालगञ्ज औद्योगिक क्षेत्रमा रहेका उद्योगहरुको संक्षिप्त विवरण

| क्र.सं. | उद्योगको नाम | उत्पादन समाग्री | मुख्य सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| **क) खाद्य तथा पेय पदार्थ उत्पादन गर्ने उद्योगहरु** | | | | |
| १ | श्री विनायक फुड ईण्डष्ट्रिज प्रा.लि | सोयाविन उत्पादन , भुजा, पिठो | राजेश मास्के | ९८५८०२७४४१ |
| २ | श्री सिद्धिविनायक फुड प्रोडक्ट्स | भुजा , चिउरा , चक्की आटा | मिनेश मास्के | ९८५८०२३५०१ |
| ३ | श्री क्रिष्टिलो वाटर ईण्डष्ट्रिज प्रा.लि | शुद्ध पिउने पानी | शरद प्रसाद रिजाल | ९८५८०२३६६१ |
| ४ | श्री खड्का ईण्डष्ट्रिज प्रा.लि | पिउने पानी , प्रिफ्म , बोटल जार | चेत बहादुर खड्काक्षेत्री | ९८५१३२४६७८ |
| **ख) प्लाष्टिक तथा रबर जन्य उद्योगहरु** | | | | |
| ५ | श्री लक्ष्मी प्लाष्टिक प्रा.लि | एचडिपि पाईप | जय गोपाल श्रेष्ठ | ९८५८०२०१६६ |
| ६ | श्री मेनका प्लाष्टिक उद्योग | एचडिपि पाईप | सिता रेग्मी | ९८४८०५९८८४ |
| ७ | श्री कुमारी प्लाष्टिक उद्योग | विद्युतीय जक्सन बोर्ड | मनिष अग्रवाल | ९८५८०२२३८७ |
| ८ | श्री होली प्लाष्टिक उद्योग | पि.भि.सि. पाईप/ प्लाष्टिकका सामान | निशार अहमद जो लाह | ९८६८१८५६८५ |
| ९ | श्री टण्डन प्लाष्टिक प्रा.लि | एचडिपि पाईप | होमनाथ ज्ञावली | ९८५८०२५२०८ |
| १० | श्री गणपति प्लाष्टो ईण्डष्ट्रिज प्रा.लि | प्लाष्टिकका भाडा वर्तन | प्रमोद कुमार सोनी | ९८५७८४६००१ |
| ११ | श्री गरिमा पोलिमर ईण्डष्ट्रिज प्रा.लि | प्लाष्टिकका सामान | गौरव डागा | ९८६८०७५०९५ |
| **ग) बन तथा बन पैदावारमा तथा अन्यमा आधारित उद्योग** | | | | |
| १२ | श्री मोर्डन डोर्स एण्ड उड प्रोडक्टस प्रा.लि | प्लाईउड तथा ढोका | रेखा बोथरा | ९८५८०२०१०१ |
| १३ | श्री नेपाल हर्ब्स प्रोसेशिङ्ग प्लान्ट उधोग | जडी बुटी प्रशोधन | सकील अहमद जसगड | ९८५८०२१८६४ |

| | | | | |
|---|---|---|---|---|
| **घ) इन्जिनियरिङ्ग /विद्युतिय सामाग्री तथा हाइड्रो पावर सम्बन्धी उद्योग** | | | | |
| १४ | श्री शिखर केवल ई.प्रा.लि | विद्युतिय तार | प्रदिप कुमार दुगड | ९८५८०२०३१२ |
| १५ | श्री सिद्धार्थ ईन्जिनियरिङ्ग वर्क्स | झोलुग्गे पुलका सामान , गेट अन्य | भगतराम थापा | ९८०२०६१७०२ |
| १६ | श्री हिमालयन ईन्जिनियरिङ्ग वर्कसाप एण्ड ट्रेडर्स | विद्युतिय उपकरण | अब्दुल वाहिद अन्सारी | ९८५८०२२२१८ |
| १७ | श्री ईलेक्ट्रो पावर ईन्जिनियरिङ्ग प्रा.लि | विद्युतिय उपकरण | अब्दुल वाहिद अन्सारी | ९८५८०२२२१८ |
| १८ | श्री रानी मेटल ई | ब्रास धारा/युनियन | रानी जयसवाल | ९८१४५७८९६५ |
| १९ | श्री रिजवान ईन्जिनियरिङ्ग उद्योग | विभिन्न फलामे सामान | जवाहिर खाँ | ९८६८६९००५२ |
| २० | श्री किसान फेब्रिकेशन ईन्जिनियरिङ्ग | विभिन्न फलामे सामान | सानिया खान | ९८६४९५०३९० |
| **ङ) केमिकल सामाग्री / सावुन/रङ्गरोगन** | | | | |
| २१ | श्री आशिर्बाद पेन्ट्स प्रा.लि | रङ रोगन | किरण कुमार कार्कि | ९८५८०४४१११ |
| २२ | श्री हसन डिटरजेन्ट उद्योग | डिटरजेन्ट पाउडर | नुरूल हसन अन्सारी | ९७२८१७३७८६ |
| **च) मेटल/ढलोट/ तथा निर्माण सामाग्री सम्बन्धी उद्योग** | | | | |
| २३ | श्री बिमल मेटल ई. प्रा.लि | काँस लगायतका भाँडा | कन्हैया लाल बैद्य | ९८५८०२००११ |
| २४ | श्री बिजय मेटल ई. प्रा.लि | तामा , पित्तल र काँसका भाँडा | कन्हैया लाल बैद्य | ९८५८०२००११ |
| २५ | श्री विनायक मेटल ई | गणमेटल. पितल. अल्मुनियम र खानेपानी सम्बन्धि फिटिंग समान | रिध किरण सिद्धि | ९८०२५२००५१ |
| २६ | श्री सपना मेटल ई. | तामा , पितल , कास आल्मनियमका भाडा | रसिद अहमद जसगड | ९८५८०४२६५२ |
| २७ | श्री भेरी भाडा मेटल उद्योग | अल्मुनियम , पितल र तामाका भाडा | मो.आदिल तेली | ९८२९६८०३५० |
| २८ | श्री गण्डकी ईन्जिनियरिङ्ग वर्क्स | विभिन्न फलामे सामान | छयचन्द्र वाग्ले | ९८४८०९९३९९ |
| २९ | श्री दान ग्रिल उद्योग | विभिन्न फलामे सामान | निशार अन्सारी | ९८०४५०८४८१ |
| ३० | श्री ओम शक्ति मेटल ईण्डष्ट्रिज | विभिन्न फलामे सामान | नितिन जलान | ९८०१०८८००३ |
| ३१ | श्री टेप्स एण्ड भल्भस ईण्डष्ट्रिज | धाराका सामानहरु | नितिन जलान | ९८०१०८८००३ |
| **छ) बन्द उद्योग** | | | | |
| ३२ | श्री रोशन मेटल क्राफ्ट | मेटलका भाडा वर्तन | रोशन मलिक जसगड | ९८४४८५३०४४ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | श्री अलनुर मेटल क्राफ्ट | तामा पितल भाडा वर्तन | नुर अहमद जसगड | ९८४८१४४२८७ |
| ३४ | श्री युरो ट्रेडिङ्ग एण्ड ओ भरसिज मेटल ई | मेटलका भाडा वर्तन | रेशमा वानो जसगड | ९८१२५६९९९१ |
| **ज) व्यवसायीक भवन / सटर** | | | | |
| १ | श्री बाँके अटो पार्टस् | मोटर साइकलको पार्टस् पुर्जा सम्बन्धी कारोबार | इस्राइल कवाडीय | ९८०४५०६४३० |
| २ | श्री अर्मान ट्रेडर्स एण्ड सप्लायर्स | हार्डवयर तथा मेशिनरी सम्बन्धी | ईशाद खाँ | ९८२६५३५४९७ |
| ३ | श्री सत्येन्द्र जनरल स्टोर्स | खाद्यान्न तथा किराना खुद्रा व्यापार | सत्येन्द्र गुप्ता | ९८००५२८९३८ |
| ४ | श्री इनोभेटिभ युनिफर्म | तैयारी कपडा खुद्रा विक्री | रेनुका न्यौपाने | ९८५८०४०८९८ |
| ५ | श्री ठाटी इन्टरप्राइजेज् | स्टेशनरी /पाठ्य पुस्तक विक्री | दिनेश रिमाल | ९८५८०४५४६० |
| ६ | श्री वंशिका ट्रेडर्स | रङ्गरोगन/हार्वयर सम्बन्धी खुद्रा विक्री | धुपरानी गुप्ता | ९८१६५९६०६६ |
| ७ | श्री नेशनल ट्रेडिङ्ग अर्डर एण्ड सप्लायर्स | साइकल/पार्टपुर्जाको थोक बिक्री | बब्लु अन्सारी | ९८५८०२३८४९ |
| ८ | श्री लव ए रेष्ट्रो एण्ड क्याफे | खाजा नास्ता तथा चिचा कफी | सकुन्तला श्रेष्ठ | ९८४८२३९१३६ |
| ९ | श्री अक्षर बुक्स एण्ड स्टे शनरी | स्टेशनरी /पाठ्य पुस्तक विक्री | गीता पण्डित | |
| १० | श्री चिया गञ्ज | चिया नास्ता पसल | विष्णुदेव बुढाथोकी | ९८५१०३२९६७ |
| ११ | श्री नेपालगञ्ज लाहुरे रेष्टुरेन्ट एण्ड बार | खाजा नास्ता | केशर बहादुर ओ.सी | ९८४२७२६२६५ |
| १२ | श्री ओलस्का रामारोशन मे डिकल हल | औषधीको खुद्रा व्यापार | धनराज वि.सी | ९८५८०८८११५ |
| १३ | श्री चर्ति फ्लोरा | फुलमाला तथा डेकोरेशन | विन्दु चर्तिमगर | ९८४८०९५४५७ |
| १४ | श्री रेष्ट्र कफ | भोजनालय सम्बन्धी कारोबार | मन्जु के.सी | ९८५८०६३६९७ |
| १५ | श्री एस अटो पार्टस | मोटर साइकलको पार्टस् पुर्जा सम्बन्धी कारोबार | मोहम्मद अरिफ राई | ९८०४५८७५८६ |
| १६ | श्री अभिषेक जनरल सटोर | खाद्यान्न तथा किराना खुद्रा व्यापार | प्रशान्त सिहं | ९८१२५४७६५० |
| **च) संध सस्था तथा अन्य** | | | | |
| १ | श्री भेरी प्राविधिक शिक्षालय | जनशक्ति उत्पादन | आशा कुमारी श्रेष्ठ | ०८१-५३३६५१ |
| २ | श्री नेपालगञ्ज औद्योगिक क्षेत्र उद्योग विकास संघ | अध्यक्ष | अब्दुल वाहिद अन्सारी | ९८५८०२२२१८ |
| ३ | श्री चमेना गृह | चिया नास्ता | कृष्णा शाही | ९८४८०९५८६७ |

| औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड संचालक समितिका अध्यक्षज्यू र महाप्रबन्धकज्यूको नामावली | | | |
|---|---|---|---|
| **क्र.सं** | **नाम** | **पद** | **ठेगाना** |
| १ | श्री बाबुराम पन्त | अध्यक्ष | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (संचालक समिति) |
| २ | श्री पदम ओली | महाप्रबन्धक | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (केन्द्रीय कार्यालय) |

| औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय नेपालगञ्ज औद्योगिक क्षेत्रमा हाल कार्यरत कर्मचारीहरुको नामावली | | | |
|---|---|---|---|
| **क्र.सं** | **नाम** | **पद** | **स्थायी ठेगाना** |
| १ | श्री प्रदिप पराजुली | कार्यालय प्रमुख | वालिङ्ग-११ , स्याङ्गजा |
| २ | श्री भेषराज भट्टराई | अधिकृत | शुक्लागण्डकी-११ , तनहु |
| ३ | श्री विशाल लम्साल | बरिष्ठ सहायक | कोहल्पुर-१० , बाँके |
| ४ | श्री पंकज कुमार साह | सव-इन्जिनियर विद्युत | लहान-४ , सिराहा |
| ५ | श्री धुर्व थापा | सव-इन्जिनियर सिभिल | झिम्रुक-४ , प्युठान |
| ६ | श्री चन्द्र वहादुर चौधरी | कार्यालय सहायक | बाँसगडी -४ , बर्दिया |
| ७ | श्री हरि बहादुर न्यौपाने | सुपरभाईजर प्रा. | नेपालगञ्ज-४ , बाँके |
| ८ | श्री दिपेश सुनार | सहायक प्रा. | वी.न.पा-१० , सुर्खेत |
| ९ | श्री मनोज कुमार थारु | सहायक प्रा. | बाँसगडी -५ , बर्दिया |
| १० | श्री खड्ग बहादुर थापा | कार्यालय सहयोगी | खजुरा-३ , बाँके |
| ११ | श्री हुमलाल चौधरी | कार्यालय सहयोगी | तुल्सीपुर-१८ , दाङ्ग |
| १२ | श्री भिम वहादुर बस्नेत | कार्यालय सहयोगी | बैजनाथ -३ , बाँके |
| १३ | श्री राजु थारु | कार्यालय सहयोगी | राप्तीसोनारी -३ , बाँके |
| १४ | श्री अजय मेहत्तर बाल्मिकी | कार्यालय सहयोगी (करार) | नेपालगञ्ज -२ , बाँके |


